नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, नेपालगंज
एक्सटेन्सन
Email:
iro26@ird.gov.np
नेपालगन्ज, बाँके

| प.सं.: २०८२/०८३ | च.नं.: ११०८६ | मिति: २०८३/०२/२९ |
|---|---|---|

विषय: छुट तथा सहुलियतहरुको व्यापक प्रचार प्रसार गरिदिनु हुन ।

श्री कोहलपुर नगरपालिकाको कार्यालय,
कोहलपुर, बाँके।

प्रस्तुत बिषयमा नेपाल सरकारको तर्फबाट सालबसाली रुपमा संसदमा पेश हुने आर्थिक विधेयक २०८३ बाट करको दायरामा आईसकेका र नआएका सबै करदाताहरुको लागि व्यापक रुपमा छुट तथा सहुलियतहरुको व्यवस्था गरेको हुँदा स्थायी लेखा नम्बर नलिई कारोबार गरेका तर कर दाखिला नगरेका, स्थायी लेखा नम्बर लिई कुनै कारोबार नगरेका तर विवरण दाखिला नगरेका तथा स्थायी लेखा लिई कारोबार गरेका तर विवरण र कर दाखिला नगरेका सबै प्रकारका करदातालाई कर, शुल्क, थप दस्तुर, व्याज तथा जरिवानाबाट बच्नको लागि उक्त विधेयकमा तोकिएको म्याद भित्र छुट तथा सहुलियतको उपयोग गरी लाभ लिनको लागि त्यस कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरुमा समेत पत्राचार गरी व्यापक रुपमा छुट तथा सहुलियतहरुको प्रचार प्रसार गरिदिनु हुन अनुरोध छ। आर्थिक विधेयक २०८३ को दफा २५ देखि दफा ४९ सम्म भएका बिभिन्न छुट तथा सहुलियतहरुको विवरण पाना ७(सात) यसै पत्रसाथ संलग्न गरी पठाईएको बेहोरा समेत जानकारीको लागि अनुरोध छ। साथै उक्त विधेयकबाट पाँच तारे वा सो भन्दा माथिका तारे होटल र आयातित तयारी मदिरामा विलाशिता शुल्क दुई प्रतिशत, सुन चाँदीका गरगहना वा बस्तु अन्तिम उपभोक्तालाई बिक्री गर्दा सिप प्रवर्द्धन शुल्क ०.५ प्रतिशत, निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाले विद्यार्थीबाट असुल गर्ने सबै प्रकारका शुल्कमा शिक्षा समता शुल्क तीन प्रतिशत र निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा सञ्चालन गर्ने व्यक्तिले विरामीबाट असुल गर्ने सबै प्रकारका सेवा शुल्कमा स्वास्थ्य समता शुल्क तीन प्रतिशत लाग्ने गरी (आ.ब. २०८३/०८४ बाट) कानूनी व्यवस्था समेत गरेको हुँदा सो बिषयको समेत जानकारी गराईदिनु हुन अनुरोध छ।

*पुनश्च: उल्लिखित छुट तथा सहुलियत सम्बन्धमा दुविधा वा थप जिज्ञासा भएमा यस कार्यालयको इमेल ठेगाना: iro26@ird.gov.np वा सूचना अधिकारीको सम्पर्क नं. ९८५८०४१४२२ मा सम्पर्क गर्नु हुन।*

.................................
(पूर्ण प्रसाद न्यौपाने)
प्रमुख कर अधिकृत
**प्रमुख कर अधिकृत**

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
नेपालगंज,बाँके

## आन्तरिक राजस्व विभाग

## आर्थिक विधेयक, २०८३ ले प्रदान गरेका छुट तथा सहुलियत (स्कीम) हरुको व्यवस्था

| क.स. | दफा | आर्थिक विधेयकको व्यवस्था |
|---|---|---|
| १ | दफा २५ | **राष्ट्रिय पुनर्निर्माण कोषमा योगदान गरेको रकम घटाउन पाउनेः**<br>कुनै व्यक्ति वा संस्थाले आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारले स्थापना गरेको राष्ट्रिय पुनर्निर्माण कोषमा योगदान गरेको रकम सो आय वर्षको करयोग्य आय गणना गर्दा घटाउन पाउनेछ। |
| २ | दफा २६ | **व्यापार मौज्दातको नोक्सानी सम्बन्धी विशेष व्यवस्था** : जेनजी आन्दोलनको क्रममा प्रभावित उद्योग, व्यापार तथा व्यावसायिक प्रतिष्टानको नोक्सान भएको व्यापार मौज्दातको वीमा नभएको हकमा नोक्सानीको सर्जमिन मुचुल्का सहितको मूल्याङ्कनका आधारमा सम्बन्धित व्यक्ति स्वयम्ले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९क. को उपनियम (१) को खण्ड (क) मा उल्लिखित समयभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा नोक्सानीको विवरण सहितको जानकारी गराएको अवस्थामा आर्थिक वर्ष २०८२/८३ को लागि आयकर ऐन, २०५८ को दफा १५ बमोजिम व्यापार मौज्दातको लागत खर्च कट्टी तथा त्यस्तो वस्तुमा तिरेको कर मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ बमोजिम कट्टी गर्न सक्नेछ। |
| ३ | दफा २८ | **वैदेशिक सहायता सम्झौता बमोजिम सञ्चालित आयोजनाका निर्माण वा सेवा प्रदायक व्यक्तिलाई आयकर छुट सम्बन्धी विशेष व्यवस्था** : नेपाल सरकार र दातृ निकायबीच सम्पन्न वैदेशिक सहायता सम्झौता बमोजिम सञ्चालित आयोजनाको काम गर्ने गैर बासिन्दा व्यक्ति तथा त्यस्तो व्यक्तिको नेपालमा शाखा दर्ता भएको वा नेपालस्थित विदेशी स्थायी संस्थापनको रूपमा दर्ता रहेको निर्माण वा सेवाप्रदायक व्यक्तिको आयमा त्यस्तो वैदेशिक सहायता सम्झौता वा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम जारी भएको कार्यान्वयनपत्र अनुसार आयकर छुट हुने व्यवस्था रहेको भएमा आर्थिक वर्ष २०८२/८३ भन्दा अघिका आर्थिक वर्षको आयमा आयकर छुट हुनेछ र त्यस्तो आयमा आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा २ को उपदफा (६) बमोजिम लाग्ने कर समेत छुट हुनेछ। |
| ४ | दफा ३० | **साविकका बिक्री कर, मनोरञ्जन कर, होटल कर, ठेक्का कर रकम वा आयकरको दस्तुर, शुल्क, ब्याज, जरिबाना मिनाहासम्बन्धी विशेष व्यवस्था** :<br>(१) अन्तःशुल्क ऐन, २०१५ बमोजिम बक्यौता रहेको अन्तःशुल्क र मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले प्रतिस्थापन गरेका होटल कर, मनोरञ्जन कर, ठेक्का कर र बिक्री कर वापत रहेको बक्यौता रकम मिनाहा हुनेछ। |

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
नेपालगंज, बाँके

| | | |
|---|---|---|
| | | (२) आयकर ऐन, २०३१ बमोजिम कर निर्धारण भई बक्यौता रहेको तर त्यस्तो बक्यौता राख्ने व्यक्तिले स्थायी लेखा नम्बर नलिएको र आय आर्जन कार्यमा संलग्न समेत नरहेको भए त्यस्तो बक्यौता सम्बन्धित कार्यालयले लगत कट्टा गर्न सक्नेछ। |
| ५ | दफा ३१ | <u>विलासिता शुल्क तथा मूल्य अभिवृद्धि कर मिनाहा सम्बन्धी विशेष व्यवस्था</u> :<br>(१) कुनै व्यक्तिले संवत् २०८२ भदौ २ गतेभन्दा अघि कानून बमोजिम सुन तथा सुनको गरगहनामा लगाइएको विलासिता शुल्क र हीरा, जवाहरात, रत्न तथा पत्थरमा लगाइएको मूल्य अभिवृद्धि कर सम्बन्धित बिक्रेताले बिक्रीमा सङ्कलन नगरेको भएमा स्वतः मिनाहा हुनेछ र सोको विवरण समेत पेश गर्नुपर्ने छैन।<br>(२) आर्थिक वर्ष २०८२/८३ वा सोभन्दा अगाडि कुनै व्यक्तिले सुन तथा चाँदीको गरगहना लगायतका अन्य भाँडाकुँडा वा मूर्तिजन्य वस्तु निर्माण तथा मर्मतको कारोबारमा कानून बमोजिम मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा असुल नगरेको भए सो रकम र सोमा लाग्ने ब्याज, थप दस्तुर तथा जरिवाना मिनाहा हुनेछ र त्यस्ता व्यक्तिले कर विवरण समेत पेश गर्नुपर्ने छैन। |
| ६ | दफा ३२ | <u>उपभोगको म्याद समाप्त भएका वा प्रयोग गर्न अयोग्य वस्तुको नष्ट गर्नेसम्बन्धी विशेष व्यवस्था</u> :<br>अन्तःशुल्क ऐन, २०५८ बमोजिम अन्तःशुल्क लाग्ने वा नलाग्ने उपभोगको म्याद समाप्त भएका वा प्रयोग गर्न अयोग्य अवस्थामा उद्योग प्रतिष्ठान परिसरमा रहेका कच्चा पदार्थ, तयारी वा अर्ध तयारी अवस्थाका वस्तुहरू अन्तःशुल्क फिर्ता दावी नगर्ने शर्तमा जे जस्तो अवस्थामा छन् सोको स्थलगत मुचुल्का खडा गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयका प्रमुखको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय र स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि समेतको रोहवरमा संवत् २०८३ साल पुस मसान्तभित्र नष्ट गरी लगत कट्टा गर्न सकिनेछ। त्यसरी नष्ट गर्नुपूर्व गणना गरी पुनः प्रयोग गर्न सकिने वस्तुहरूका हकमा अभिलेख कायम गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयले पुनः प्रयोगको अनुमति दिन सक्नेछ। |
| ७ | दफा ३३ | <u>अन्तःशुल्क टिकट नष्ट गर्नेसम्बन्धी विशेष व्यवस्था</u> :<br>जेनजी आन्दोलनका क्रममा जलेर पूर्ण वा आंशिक रुपमा नष्ट भएका र अन्य विविध कारणले प्रयोग गर्न अयोग्य भई गोदाममा रहेका अन्तःशुल्क टिकटहरू जे जस्तो अवस्थामा छन् सोको लगत भिडान तथा स्थलगत मुचुल्का खडा गरी सम्बन्धित कार्यक्षेत्र पर्ने आन्तरिक राजस्व कार्यालयका प्रमुखको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रकको कार्यालयका प्रतिनिधि समेतको रोहवरमा नष्ट गरी लगत कट्टा गरिनेछ। |
| ८ | दफा ३७ | <u>दायरामा आउने निकायलाई आयकर छुट सम्बन्धी विशेष व्यवस्था</u> :<br>स्थायी लेखा नम्बर लिएका वा नलिएका विश्वविद्यालय, कुटनीतिक निकाय, विकास |

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
नेपालगञ्ज, बाँके

| | | |
|---|---|---|
| | | साझेदार वा नेपालमा लगानी गर्ने गैरबासिन्दा व्यक्तिले आर्थिक वर्ष २०८२/८३ सम्मको भुक्तानीको श्रोतमा कट्टी गरिएको अग्रिम कर रकम बाहेक आय विवरण तथा आयकर दाखिला गर्नुपर्ने छैन। सामुदायिक विद्यालय तथा सामुदायिक स्वास्थ्य संस्थाले संवत् २०८३ साल पुस मसान्तभित्र आर्थिक वर्ष २०८२/८३ को आय विवरण र सो आय विवरण बमोजिमको कर रकम दाखिला गरी निवेदन दिएमा सोभन्दा अगाडिको आय विवरण दाखिला गर्नुपर्ने छैन र आयमा लाग्ने कर, ब्याज तथा शुल्क मिनाहा हुनेछ। |
| ९ | दफा ३८ | **<u>संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका वा अन्य संस्थालाई कर ब्याज तथा शुल्क मिनाहा सम्बन्धी विशेष व्यवस्था</u> :**<br>संस्था खारेजी हुँदा बाँकी रहेको सम्पत्ति नेपाल सरकारको हुने गरी विधानमा व्यवस्था भएका नाफा नकमाउने उद्देश्य राखी संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएको संस्था आयकर ऐन, २०५८ बमोजिम कर छुट पाउने संस्थाको रूपमा दर्ता भएको वा नभएको भए तापनि त्यस्तो संस्थाले संवत् २०८३ साल पुस मसान्तभित्र आर्थिक वर्ष २०८२/८३ को आय विवरण दाखिला गरेमा सो आर्थिक वर्ष र सो भन्दा अगाडि संस्थाले प्राप्त गरेको दान, चन्दा तथा उपहार वापतको रकमबाट सिर्जित करयोग्य आयमा लाग्ने कर, ब्याज तथा शुल्क मिनाहा हुनेछ। त्यस्तो संस्थाले प्राप्त गरेको दान, चन्दा तथा उपहार वापतको रकम मात्र आय भएमा आय विवरण समेत पेश गर्नु पर्ने छैन। |
| १० | दफा ३९ | **<u>बीमा अभिकर्ताको लागि ब्याज, थप दस्तुर तथा जरिबाना मिनाहा सम्बन्धी विशेष व्यवस्था</u>:**<br>बीमा अभिकर्ताको व्यवसाय गर्ने कुनै पनि व्यक्तिले आर्थिक वर्ष २०८२/८३ वा सोभन्दा अघि कानून बमोजिम मूल्य अभिवृद्धि कर असुल नगरेको भएमा लाग्ने कर र सोमा लाग्ने ब्याज, थप दस्तुर तथा जरिबाना मिनाहा हुनेछ र त्यस्तो व्यक्तिले कर विवरण समेत पेश गर्नुपर्ने छैन। |
| ११ | दफा ४० | **<u>आयकरको ब्याज तथा शुल्क मिनाहासम्बन्धी विशेष व्यवस्था</u> :**<br>(१) कुनै व्यक्तिले विगतमा स्थायी लेखा नम्बर नलिई कर लाग्ने आय आर्जन गरी आयकर दाखिला नगरेको भएमा त्यस्तो व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७९/०८० देखि २०८२/०८३ सम्मको आय विवरण संवत् २०८३ साल पुस मसान्त सम्ममा दाखिला गरी सो बमोजिम लाग्ने कर दाखिला गरेमा सोमा लाग्ने शुल्क तथा ब्याज रकम मिनाहा हुनेछ र सोभन्दा अगाडिको आय वर्षहरूको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत बुझाउनु पर्ने छैन।<br>(२) विगतमा स्थायी लेखा नम्बर लिई करको दायरामा आइसकेका, तर कुनै आय आर्जन वा कारोबार नगरेका करदाताले आर्थिक वर्ष २०८१/०८२ वा सो भन्दा अघिदेखिको आय विवरण दाखिला नगरेको भए त्यस्ता व्यक्तिले दर्ता खारेज गर्न वा कारोबार सञ्चालन गरी सक्रिय हुन चाहेमा आर्थिक वर्ष २०८२/०८३ को आय विवरण तथा सो बमोजिमको कर दाखिला गरी संवत् २०८३ साल पुस मसान्तभित्र सम्बन्धित कार्यालयमा दर्ता खारेजीको लागि वा कारोबार सुचारु गर्न निवेदन दिएमा सो भन्दा अघिका आर्थिक वर्षहरूको आय विवरण दाखिला गर्नुपर्ने छैन। सो |

| | | |
|---|---|---|
| | | म्यादभित्र निबेदन नदिएमा त्यस्ता स्थायी लेखा नम्बर स्वतः प्रणालीबाट दर्ता खारेज गरिनेछ र पछि सक्रिय वा पुनः सञ्चालन गर्न चाहेमा त्यस्ता व्यक्तिले सो अवधिसम्मको आय विवरण र सो बमोजिमको कर, शुल्क तथा ब्याज दाखिला गर्नुपर्नेछ।<br>(३) आयकर ऐन, २०५८ बमोजिम स्थायी लेखा नम्बर लिई आय आर्जन गरी कर तथा विवरण बुझाउन बाँकी रहेका व्यक्तिले त्यस्तो कर र सोको एक प्रतिशतले हुने थप रकम तथा आय विवरण संवत् २०८३ साल पुस मसान्तभित्र बुझाएमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुनेछ। |
| १२ | दफा ४१ | **मूल्य अभिवृद्धि करको जरिबाना र ब्याज मिनाहा सम्बन्धी विशेष व्यवस्था** : मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले विगतमा कर लाग्ने कारोबार गरी मूल्य अभिवृद्धि कर सङ्कलन र दाखिला नगरेको भएमा सङ्कलन गर्नुपर्ने कर र सोको एक प्रतिशतले हुने थप रकम संवत् २०८३ साल पुस मसान्तसम्म दाखिला गरी संवत् २०८२ साल चैत सम्मको कर विवरण पेश गरेमा ब्याज,थप दस्तुर तथा जरिबाना रकम मिनाहा हुनेछ।<br>(२) मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले विगतमा कर लाग्ने कारोबार गरी कर सङ्कलन गरेका तर कर विवरण पेश नगरेको भए संवत् २०८२ साल चैत सम्मको कर विवरण संवत् २०८३ साल पुस मसान्तसम्म दाखिला गरी विवरण अनुसारको कर र सोको एक प्रतिशतले हुने थप रकम दाखिला गरेमा ब्याज, थप दस्तुर तथा जरिबाना रकम मिनाहा हुनेछ। |
| १३ | दफा ४२ | **पनीरमा मूल्य अभिवृद्धि कर मिनाहा सम्बन्धमा** : दुधबाट बन्ने पनीरको विगतमा भएको बिक्रीमा असुल नभएको तिर्न बाँकी मूल्य अभिवृद्धि कर मिनाहा गरिएको छ। |
| १४ | दफा ४३ | **अन्तःशुल्कको जरिबाना र विलम्ब शुल्क मिनाहा सम्बन्धी विशेष व्यवस्था** :<br>(१) अन्तःशुल्क ऐन, २०५८ बमोजिम इजाजतपत्र लिएका वा नलिएका व्यक्तिले विगतमा अन्तःशुल्कजन्य वस्तुको कारोबार गरी अन्तःशुल्क असुल उपर नगरेको भएमा त्यस्ता प्रतिष्टानले आफूले बुझाउनु पर्ने सोही ऐनको दफा १०क. बमोजिमको विवरण र सो विवरण बमोजिमको अन्तःशुल्क रकम तथा त्यस्तो रकमको एक प्रतिशतले हुने रकम संवत् २०८३ साल पुस मसान्तभित्र बुझाएमा सोमा लाग्ने विलम्ब शुल्क र जरिबाना मिनाहा हुनेछ।<br>(२) अन्तःशुल्क ऐन, २०५८ बमोजिम इजाजतपत्र लिई तोकिएको अवधिभित्र नवीकरण नगराउने इजाजतपत्रवालाले इजाजतपत्र नवीकरण गराई कारोबारलाई निरन्तरता दिन चाहेमा संवत् २०८३ असोज मसान्तभित्र आर्थिक बर्ष २०८२/८३ को लागि नवीकरण बापत बुझाउनु पर्ने दस्तुर बुझाई नवीकरण गरेमा बाँकी आर्थिक वर्षहरूको लाग्ने नवीकरण दस्तुर र जरिबाना मिनाहा हुनेछ। सो अवधिभित्र नवीकरण नगराउने इजाजतपत्रवालाको इजाजतपत्र भने स्वतः खारेज हुनेछ । |

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
नेपालगंज, बाँके

| | | |
|---|---|---|
| १५ | दफा ४४ | **विवरण पेश गरेका तर कर तथा अन्तःशुल्क बक्यौता रहेका व्यक्तिले कर तिरेमा ब्याज, शुल्क, थप दस्तुर तथा जरिबाना मिनाहा सम्बन्धी विशेष व्यवस्था :**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र अन्तःशुल्क ऐन, २०५८ बमोजिम मूल्य अभिवृद्धि कर विवरण, आयविवरण र अन्तःशुल्क विवरण पेश गरी संवत् २०८३ साल जेठ १५ गतेसम्म मूल्य अभिवृद्धि कर, आयकर तथा अन्तःशुल्क तिर्न बाँकी रहेका व्यक्तिले त्यस्तो विवरण अनुसारको बाँकी कर तथा अन्तःशुल्क रकम र सोको एक प्रतिशतले हुने थप रकम संवत् २०८३ साल पुस मसान्तभित्र बुझाएमा सोमा लागेको शुल्क, थप दस्तुर, जरिबाना, ब्याज तथा विलम्ब शुल्क मिनाहा हुनेछ। |
| १६ | दफा ४५ | **कर निर्धारणबाट सिर्जित बक्यौता दाखिल गरेमा शुल्क, थप दस्तुर तथा जरिबाना मिनाहासम्बन्धी विशेष व्यवस्था :**<br>(१) मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र अन्तःशुल्क ऐन, २०५८ बमोजिम संवत् २०८३ साल जेठ १५ गतेसम्म आन्तरिक राजस्व विभाग वा अन्तर्गतका कार्यालयबाट कर निर्धारण वा संशोधित कर निर्धारण वा अन्तःशुल्क निर्धारण भई दाखिल गर्न बाँकी रहेको मूल्य अभिवृद्धि कर, आयकर तथा अन्तःशुल्क रकम र सोको एक प्रतिशतले हुने थप रकम संवत् २०८३ साल पुस मसान्तभित्र बुझाएमा सोमा लागेको शुल्क, थप दस्तुर, जरिबाना तथा बाँकी ब्याज वा बिलम्ब शुल्क मिनाहा हुनेछ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दूरसञ्चार सेवा प्रदान गर्ने व्यवसायमा संलग्न व्यक्तिको हकमा सो उपदफा बमोजिमको व्यवस्था लागू हुने छैन। |
| १७ | दफा ४६ | **विचाराधीन मुद्दा फिर्ता लिई कर दाखिल गरेमा शुल्क, थप दस्तुर तथा जरिबाना मिनाहा सम्बन्धी विशेष व्यवस्था :**<br>(१) मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र अन्तःशुल्क ऐन,२०५८ बमोजिम संवत् २०८३ साल जेठ १५ गतेसम्म आन्तरिक राजस्व विभाग वा अन्तर्गतका कार्यालयहरूबाट भएको कर निर्धारण वा संशोधित कर निर्धारण वा अन्तःशुल्क निर्धारणमा चित्त नबुझाई आन्तरिक राजस्व बिभागसमक्ष प्रशासकीय पुनरावलोकन वा अन्य कुनै न्यायिक निकायमा विचाराधीन मुद्दा फिर्ता लिई त्यस्तो निर्धारणबाट कायम भएको मूल्य अभिवृद्धि कर, आयकर र अन्तःशुल्क रकम र सोको एक प्रतिशतले हुने थप रकम संवत् २०८३ साल पुस मसान्तभित्र बुझाएमा सोमा लागेको शुल्क, थप दस्तुर, जरिबाना, ब्याज र बिलम्ब शुल्क मिनाहा हुनेछ।<br>(२) उपदफा (१) बमोजिमका मुद्दामा आन्तरिक राजस्व विभाग वा कार्यालयको तर्फबाट सर्वोच्च अदालतमा पुनरावेदन गर्न वा मुद्दा दोहोर्‍याई हेर्न अनुमति पाएका वा |

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
नेपालगञ्ज, बाँके

| | | |
|---|---|---|
| | | पुनरावेदन वा मुद्दा दोहोऱ्याई हेरी पाउने निवेदन विचाराधीन अवस्थामा रहेका मुद्दाको हकमा सम्बन्धित करदाताले संवत् २०८३ साल पुस मसान्तभित्र विवादित कर रकम र सोको एक प्रतिशतले हुने थप रकम दाखिला गरी विभाग वा सम्बन्धित कार्यालयमा निवेदन दिएमा नेपाल सरकारले त्यस्तो मुद्दा फिर्ता लिन सक्नेछ।<br>(३) सर्वोच्च अदालतमा पुनरावेदन गर्न वा मुद्दा दोहोऱ्याई हेरी पाउन अनुमति प्राप्त नभएका तर सम्बन्धित कार्यालयबाट पुनः कर निर्धारण भई नसकेका मुद्दाको हकमा समेत उपदफा (१) बमोजिमको सुविधा पाउन संवत् २०८३ साल पुस मसान्तभित्र सम्बन्धित व्यक्तिले विवादित कर रकम र सोको एक प्रतिशतले हुने थप रकम दाखिला गरी निवेदन दिएमा सोमा लागेको शुल्क, थप दस्तुर, जरिवाना, ब्याज र विलम्ब शुल्क मिनाहा हुनेछ।<br>(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दूरसञ्चार सेवा प्रदान गर्ने व्यवसायमा संलग्न व्यक्तिको हकमा उपदफा (१), (२) र (३) को छुट सुविधासम्बन्धी व्यवस्था लागू हुने छैन। |
| १८ | दफा ४७ | **संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय संघ संस्था वा कुटनीतिक नियोगहरूमा कार्यरत नेपाली वा बासिन्दा व्यक्तिलाई आयकर, ब्याज तथा शुल्क छुटसम्बन्धी विशेष व्यवस्था**<br>संयुक्त राष्ट्रसंघको नेपालस्थित कार्यालय वा सो संघ अन्तर्गतका संस्थाहरू वा कुटनीतिक मान्यता प्राप्त अन्य जुनसुकै अन्तर्राष्ट्रिय निकाय वा विदेशी कुटनीतिक नियोगमा कार्यरत भियना अभिसन्धी बमोजिम छुट सुविधा नपाउने गरी कार्यरत बासिन्दा व्यक्तिले ती निकायबाट पारिश्रमिक वा सेवा शुल्कवापत भुक्तानी पाएको तर आयकर ऐन, २०५८ बमोजिम लाग्ने कर र आयविवरण दाखिला नगरेको भएमा स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७९/८० देखि २०८२/८३ सम्मको आयमा लाग्ने आयकर र सोको एक प्रतिशतले हुने थप रकम तथा आय विवरण संवत् २०८३ साल मङ्सिर मसान्तसम्म दाखिलागरी निवेदन दिएमा ब्याज तथा शुल्क मिनाहा हुनेछ। त्यस्तो व्यक्तिले सोभन्दा अघिको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याजसमेत बुझाउनु पर्ने छैन। |
| १९ | दफा ४९ | **साल बसाली आर्थिक ऐन बमोजिम लाग्ने शुल्क, दस्तुर वा करमा लाग्ने जरिबाना तथा ब्याज मिनाहा सम्बन्धी विशेष व्यवस्था** :<br>(१) साल बसाली आर्थिक ऐन बमोजिम कुनै शुल्क वा दस्तुर वा कर दाखिला गर्नुपर्ने दायित्व भएका व्यक्तिले त्यस्तो शुल्क वा दस्तुर वा कर दाखिला नगरेको वा कम दाखिला गरेको वा ऐन बमोजिम बुझाउनु पर्ने कुनै विवरण नबुझाएको भएमा बुझाउन बाँकी कर वा शुल्क वा दस्तुर रकम, सोको एक प्रतिशतले हुने थप रकम र विवरण संवत् २०८३ मङ्सिर मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना, ब्याज तथा शुल्क मिनाहा हुनेछ।<br>(२) उपदफा (१) को सम्बन्धमा सम्बन्धित कार्यालयबाट त्यस्तो शुल्क, दस्तुर वा कर |

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
नेपालगंज, बाँके

| | | |
|---|---|---|
| | | निर्धारण भई बक्यौता कायम भएको वा कुनै अदालतमा वा न्यायिक निकायमा मुद्दा दर्ता भई विचाराधीन रहेकोमा सम्बन्धित व्यक्तिले मुद्दा फिर्ता लिई संवत् २०८३ मंसीर मसान्तभित्र निर्धारित शुल्क वा दस्तुर वा कर रकम र सोको एक प्रतिशतले हुने थप रकम दाखिला गरेमा सोमा लाग्ने जरिबाना, ब्याज तथा शुल्क मिनाहा हुनेछ। |